# SHIVAM CEMENTS LIMITED

Hetauda-16, Makawanpur, Nepal
**Corporate Office:** Siddhartha Insurance Bhawan, 2nd Floor, Anamnagar, Kathmandu
GPO Box 13478, Tel: +977-1-5705993/5706804, Fax: +977-1-5706854
**Website:** www.shivamcement.com, **Email:** info@shivamcement.com

## Unaudited Statement of Financial Position
## As At 13th Apr, 2022 (Chaitra 30, 2078)

| Particulars | Shivam Cements | | |
|---|---|---|---|
| | 13th Apr, 2022 (Chaitra 30, 2078) | 14th Jan, 2022 (Poush 30, 2078) | 13th Apr, 2021 (Chaitra 31, 2077) |
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant & Equipment | 3,753,081,199 | 3,857,963,026 | 4,111,232,232 |
| Intangible Assets | 690,852 | 636,314 | 1,082,434 |
| Investment | 3,878,274,575 | 3,866,274,575 | 3,866,274,575 |
| Other Non-Current Assets | 38,067,799 | 34,849,338 | 16,324,088 |
| **Total Non Current Assets** | **7,670,114,425** | **7,759,723,254** | **7,994,913,329** |
| **Current Assets** | | | |
| Inventories | 2,332,372,647 | 2,317,451,685 | 2,304,685,641 |
| Financial Assets | | | |
| Trade Receivables | 2,064,638,868 | 2,099,445,739 | 2,335,458,231 |
| Cash & Cash Equivalent | 154,891,895 | 196,910,591 | 102,484,473 |
| Bank Balance (Other than Cash & Cash Equivalent) | 50,000,000 | 50,000,000 | - |
| Others | 55,929,085 | 47,020,063 | 33,136,655 |
| Other Current Assets | 451,031,135 | 361,660,067 | 141,707,854 |
| **Total Current Assets** | **5,108,863,631** | **5,072,488,145** | **4,917,472,854** |
| **Total Assets** | **12,778,978,056** | **12,832,211,399** | **12,912,386,183** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 4,400,000,000 | 4,400,000,000 | 4,400,000,000 |
| Share Premium | 956,233,911 | 956,233,911 | 956,233,911 |
| Other Equity | 3,829,293,335 | 3,601,775,647 | 4,120,309,690 |
| **Total Equity** | **9,185,527,246** | **8,958,009,558** | **9,476,543,601** |
| **Non Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Long Term Borrowings | 10,927,486 | 9,000,612 | 18,587,876 |
| Deferred Tax Liabilities | 100,096,404 | 105,295,040 | 103,312,905 |
| **Total Non Current Liabilities** | **111,023,891** | **114,295,652** | **121,900,781** |
| **Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Trade Payables | 1,677,802,010 | 1,696,473,042 | 1,880,380,851 |
| Short Term Borrowings | 951,107,027 | 1,246,598,194 | 564,117,213 |
| Other Financial Liabilities | 160,496,475 | 216,148,829 | 218,046,147 |
| Other Current Liabilities | 638,921,003 | 565,849,826 | 568,459,868 |
| Provisions | 17,002,616 | 14,282,725 | 20,293,208 |
| Income Tax Liabilities (Net) | 37,097,788 | 20,553,574 | 62,644,514 |
| **Total Current Liabilities** | **3,482,426,919** | **3,759,906,189** | **3,313,941,802** |
| **Total Liabilities** | **3,593,450,809** | **3,874,201,841** | **3,435,842,583** |
| **Total Equity and Liabilities** | **12,778,978,056** | **12,832,211,399** | **12,912,386,183** |

## Unaudited Statement of Profit & Loss
## For the Period Ended 13th Apr, 2022 (Chaitra 30, 2078)

| Particulars | Shivam Cements | | |
|---|---|---|---|
| | Upto 3rd Qtr 2078-79 | Upto 2nd Qtr 2078-79 | Upto 3rd Qtr 2077-78 |
| **Income:** | | | |
| Revenue From Operations | 7,253,392,994 | 4,603,124,472 | 7,355,127,874 |
| Other Income | 37,523,572 | 13,544,054 | 38,948,841 |
| **Total Income** | **7,290,916,566** | **4,616,668,526** | **7,394,076,715** |
| **Expenses:** | | | |
| Raw Materials Consumption | 2,961,620,940 | 2,066,444,607 | 3,058,423,530 |
| Electricity/Power & Fuel | 1,715,096,161 | 1,035,937,686 | 1,549,253,611 |
| Changes in Inventories of Finished Goods & Work-In-Progress | 248,206,752 | (20,213,753) | 97,308,015 |
| Employee Benefit Expenses | 407,596,630 | 280,960,270 | 436,200,285 |
| Depreciation & Amortization | 358,198,193 | 238,693,225 | 362,835,015 |
| Other Expenses | 779,854,707 | 483,484,016 | 565,406,155 |
| Finance Cost | 45,444,121 | 25,732,597 | 23,699,416 |
| **Total Expenses** | **6,516,017,503** | **4,111,038,648** | **6,093,126,027** |
| **Profit/(Loss) Before Tax** | **774,899,062** | **505,629,878** | **1,300,950,689** |
| **Tax Expense** | | | |
| Current Tax | 131,136,841 | 84,186,709 | 210,855,999 |
| Deferred Tax | (11,090,518) | (5,891,881) | 13,993 |
| **Net Profit/(Loss) For The Year** | **654,852,739** | **427,335,050** | **1,090,080,697** |

**Notes:** 1) Figures presented above may vary with the audited figures if instructed by regulators and/or statutory auditors.
2) Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation of financial statement.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४
### (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०७८।०७९ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण:**

**(क) तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण:**
यस संस्थाको तेस्रो त्रैमासिक नाफा नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ । यस अवधीको सम्बद्ध संस्थाहरूसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

| क.सं. | सम्बद्ध संस्थाहरुको नाम | कारोवार रकम (मू.अ. कर बाहेक) | |
|---|---|---|---|
| | | खरिद | विक्रि |
| १ | मोर्डन ईन्फाष्ट्रक्चर प्रा.लि. | ४२,१४,६९,८५७ | – |
| २ | अरविन्द इम्पोरियम प्रा.लि. | २१,५४,५७,२७८ | – |
| ३ | सप्तकोशी सिमेन्ट प्रा.लि. | ५,५०,२१२ | ९२,०८३ |
| ४ | कन्स्ट्रक्शन सोलुशन प्रा.लि. | २२,१५,७८२ | – |
| ५ | प्रिमियर वायर्स प्रा.लि. | ४,४४,३४७ | – |
| ६ | पशुपति सिन्प्याक इन्डष्ट्रिज प्रा.लि. | ३,५३,९९,४९५ | – |
| ७ | टेक्नो जया ज्वयलर्स प्रा.लि. | २,५२,७२,२८२ | – |
| ८ | लुम्बिनी विद्युत उद्योग प्रा.लि. | – | ४,४६,०२३ |
| ९ | लक्ष्मी लाईम प्रोडक्स् | – | ७२,७३,८६७ |
| १० | टेली होल्डिङस प्रा.लि. | ६०,००,००० | – |
| ११ | टेली डाईरेक्ट प्रा.लि. | ९४,६९० | – |
| १२ | ईमराल्ड प्रा.लि. | ५,८१,६०० | – |
| १३ | लक्ष्मी टेक्नोप्लाष्ट प्रा.लि. | – | ७९,६४५ |
| १४ | होङ्सी शिवम् सिमेन्ट प्रा. लि | १,११,६४,५५,३७९ | १,९९,५५६,४८० |

**(ख) प्रमुख बित्तीय अनुपातहरु.**

| प्रति शेयर आम्दानी (वार्षिक) | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|
| १९।८४ | २०८।७६ | २९०।४३ | १।४७ |

**२. व्यवस्थापकीय विश्लेषण** : क) समिक्षा अवधिमा संस्थाको मुनाफा, उत्पादन तथा विक्री वितरण, तरलता लगायत सन्तोषजनक रहेका छन् ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन र विक्री वितरण गरी उच्च गुणस्तरीय सिमेन्ट आम उपभोक्ताहरूका बीचमा पुर्याउने सम्बन्धि कार्यहरू गरी मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**
बैंक व्याजदरको बढोत्तरी, तरलताको संकुचन, विश्व बजारमा कोईला, डिजेल लगाएतका सामानहरूको अत्याधिक मूल्य बृद्धिको प्रभावले उत्पादन लागत बृद्धि हुन पुगेको, कोभिड–१९ को प्रभाव पछि विकास निर्माणका काममा आएको सिथिलता यथावत रहेको, नेपालमा मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधिक बढि रहेको अवस्था समेतलाई हेर्दा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै बजार प्रर्वर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरूलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गरी संस्थालाई असर पर्न सक्ने कुराहरूको सूक्ष्म अध्ययन र विश्लेषण गर्दै कुशल कार्यनीति तथा चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राख्दै आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियमको तर्जुमा गरी उद्देश्य बमोजिमका कामहरू सफलतापूर्वक संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ । नगद प्रवाह लगायतका कुराहरूमा तत्काल तात्विक असर पर्न सक्ने घटना, अवस्था भने पाइएको छैन ।

**३. कानूनी कारवाही सम्बन्धि विवरण:**

**(क)** यस कम्पनीले आ.व. २०७६।०७७ सम्मको आय व्यय विवरण पेश गरिसकेको र सो आ.व. सम्मको श्री ठुलाकरदाता कार्यालय, पूल्चोक ललितपुरबाट केहि शिर्षकका खर्चहरूलाई अमान्य गरी संशोधित कर निर्धारण आदेश जारी गरेकोमा तत्त बर्षहरूको खर्च अमान्य गरी आयमा समावेश गर्ने उक्त निर्णयमा कम्पनीको चित्त नबुझेको हुंदा प्रचलित ऐनको व्यवस्था अनुसार प्रशासकीय पूनवरावलोकनका लागि श्री आन्तरिक राजस्व विभागका महानिर्देशज्यू, समक्ष प्रशासकीय पूनरावलोकन गरी पाँउन निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कुनै निर्णय नभएकोले सोही व्यहोरा समेत उल्लेख गरी आ. व. २०६७।०६८, ०६८।०६९, २०७०।०७१ र २०७१।०७२ का सम्बन्धमा श्री राजस्व न्याधिकरण समक्ष पुनरावेदन दर्ता गरी विचाराधिन रहेको छ ।

**(ख)** आ.व. २०७३।०७४, आ. व. २०७४।०७५ र आ.व. २०७५।०७६ र २०७६।०७७ को आय विवरण उपर श्री ठूलाकरदाता कार्यालयबाट केहि खर्चहरू अमान्य गरी संशोधित कर निर्धारण आदेश जारी गरी थप कर रकम दाखिला गर्न सूचना गरेकोमा कम्पनीको नियम संगत र वास्तविक खर्चलाई अमान्य गर्ने निर्णयमा चित्त नबुझेको हुंदा संचालक समितिको निर्णय बमोजिम उक्त आ. व. हरूका संशोधित कर निर्धारण आदेशका विरूद्ध आन्तरिक राजस्व विभागका महानिर्देशकज्यू समक्ष प्रशासकीय पूनरावलोकनका लागि निवेदन दर्ता गरीएकोले उक्त विषयमा आन्तरिक राजस्व विभागमा विचाराधिन रहेकोछ ।

**(ग)** यस कम्पनीले सुविधा नै उपभोग नगरेको अवस्थामा पनि डेडिकेटेड फिडर मार्फत विद्युत उपभोग गररे सरहको दरमा विल गर्ने तथा छुट विल जारी गर्ने र बक्यौता रकम दाखिला गर्नु अन्यथा लाईन काटिनेछ भनी पटक पटक पत्राचार गरेको हुंदा अन्याय पूर्वकको कार्य हुन जाने सम्भावनालाई ध्यानमा राखी कानूनी उपचारका लागि मकवानपुर जिल्ला अदालत समक्ष ने वि. प्रा. ऐन २०४० बमोजिम फिराद पत्र दर्ता गरी विचाराधिन रहेको छ भने सोही विषयमा सम्मानित अदालतबाट जारी भएको लाईन नकाट्नु भन्ने समेतको अन्तरकालिन आदेशलाई निरन्तरता दिनु भनी सम्मानित पाटन उच्च अदालत, हेटौंडा इजलासबाट आदेश जारी भएको अवस्था विद्यमान छ ।

**(घ)** कम्पनीका वितरक श्री सृष्टि एण्ड प्रफुल, बालाजु, काठमाडौंले सिमेन्ट उधारोमा खरिद गरी भुक्तानी गर्नु पर्ने बाँकी रहेको रकम रू. २२,९०,९३४।०० को चेक दिएकोमा उक्त चेक नगदमा परिणत नभएको र पटक पटक ताकेता गर्दा पनि बाँकी रकम भुक्तानी प्राप्त नभएको हुंदा श्री काठमाडौं जिल्ला अदालत समक्ष चेक अनादर मुद्दा दायर गरेकोमा मुद्दा विचाराधिन रहेको छ ।

**(ङ)** श्री नर्थ वेष्ट सिभिल एभिएशन एयरपोर्ट कन्स्ट्रक्शन ग्रुप कं.लि.,ले गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलका लागि सिमेन्ट खरिद गरी रकम भुक्तानी गर्दा अग्रिम आयकर वापत कट्टि गरेको रकम समयमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी भौचर समेत उपलब्ध नगराएका कारण पटक पटक ताकेता गर्दा पनि रकम भुक्तानी नगरेकोले रू. २,००,९,९०५।४० रकम भुक्तानी दिलाई पाउ भनि श्री काठमाडौं जिल्ला अदालत समक्ष फिराद दायर गरेको र हाल उक्त मुद्दा सम्मानित अदालत समक्ष विचाराधिन रहेकोछ ।

**(च)** वितरक श्री अनुप ट्रेडिङ काठमाडौंले उधरोमा खरिद गरेको सिमेन्टको बाँकी रकम भुक्तानी नगरेका कारण असुल उपर गराई पाउन भनी श्री काठमाडौं अदालत समक्ष हालै फिराद पत्र दर्ता गरी मुद्दा विचाराधिन रहेको छ । असुल उपर हुन बाँकी रकम रू. ५५,०१,१४९।२५ दावी गरी मुद्दा दायर गरेको ।

**(छ)** श्री डि.एस. हार्डवेयर सेन्टर, पोखराले उधारोमा सिमेन्ट खरिद गरी भुक्तानी गर्नु पर्ने बाँकी रकम रू. ४४४,३०२।२६। भुक्तानी नगरेका कारण श्री काठमाडौं जिल्ला अदालत समक्ष असुल उपर गर्ने प्रयोजनका लागि कानून बमोजिम फिराद पत्र दायर भई विचाराधिन रहेको छ ।

**(ज)** श्री न्यू एस. एस. हार्डवेयर एण्ड सप्लायर्स प्रा. लि., भक्तपुर ले उधारोमा सिमेन्ट खरिद गरी भुक्तानी गर्नु पर्ने बाँकी रकम रू. २९०,९५७।९४ भुक्तानी नगरेका कारण श्री काठमाडौं जिल्ला अदालत समक्ष असुल उपर गर्ने प्रयोजनका लागि कानून बमोजिम फिराद पत्र दायर भई विचाराधिन रहेको छ ।

**(झ)** श्री नवदुर्गा कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा. लि., ललितपुरले उधारोमा सिमेन्ट खरिद गरी भुक्तानी गर्नु पर्ने बाँकी रकम रू. १३,०३,२१९।१८ भुक्तानी नगरेका कारण श्री काठमाडौं जिल्ला अदालत समक्ष असुल उपर गर्ने प्रयोजनका लागि कानून बमोजिम फिराद पत्र दायर भई विचाराधिन रहेको छ ।

**(ञ)** कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:**

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरूप हुने गरेकोछ ।

(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन र शेयर कारोवार संख्या :

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार दिन | कारोवार शेयर संख्या |
|---|---|---|---|---|
| १६७२ | ९८० | ९९० | ५८ | ३६,३१,३०३ थान |

**५. समस्या तथा चुनौती:**
बैंक व्याज दरमा बृद्धि हुदै जानु, सहजै तरलताको उपलब्धतामा संकुचन, मागको तुलनामा सिमेन्टको उत्पादन बढि रहेको, निर्माण संग सम्बन्धीत परियोजनाहरूमा सरकारी बजेट न्यून मात्रामा खर्च हुने गरेको लगाएतका कारणबाट थप चुनौती उत्पन्न भएको छ । हाल विश्व बजारमा कोइला, डिजेल, पेट्रेल, लगाएतका इन्धनको मुल्य, रूस–युक्रेन युद्ध समेतको प्रभावका कारण अत्याधिक मात्रामा बृद्धि भएको, यसै क्रममा नेपाल विद्युत प्राधिकारणले उद्योगमा नियमित विद्युत आपुर्तिमा कटौती गरेका कारण समेतबाट उद्योग संचालन गर्दा अत्याधिक रूपमा लागतमा अभिबृद्धि हुन गएको छ । बजारमा आम ग्राहकहरू माझ यस संस्थाको उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरूपको नीति, रणनीति अवलम्बन गरि संस्थाले विक्री पछि उपलब्ध गराउने निःशुल्क प्राविधिक सेवाहरूको विस्तार, मानव संशाधनको दक्षतामा अभिबृद्धि र चुस्त व्यवस्थापन, खर्चमा मितव्ययिता अपनाई कार्य अवलम्वन गरिएको छ ।

**६. संस्थागत सुशासन:**
संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवारमा आर्कषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरू पालना गरी संस्था संचालन गरिएको छ ।

**७. सत्य तथ्यताका सम्बन्धमा कार्यकारी निर्देशकको उद्घोषण:**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन । लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाईएको छैन ।